**संघीय संसद**

**प्रतिनिधि सभा**

**महिला तथा सामाजिक मामिला समिति**

**(बैठक निर्णय-४७)**

मितिः २०८१/०९/०७ गते

प्रारम्भ: बिहान ११ : ०० बजे

समाप्त: दिनको १ : ३० बजे

**छलफल तथा निर्णयः**

समितिको आजको बैठक माननीय सभापति श्री किरण कुमार साहको सभापतित्वमा बसी निम्नानुसार छलफल तथा निर्णय गरियोः

- आज मिति २०८१/०९/०७ गते बसेको समितिको बैठकमा लैंगिक अल्पसंख्यक समुदायहरुको पहिचान (तेस्रो लिंगी, ट्रान्सजेन्डर / पारलिंगी ), अधिकार र समावेशीकरण सम्बन्धमा छलफल भयो । छलफलमा संविधान सभा सदस्य सुनील बाबु पन्त, गृह मन्त्रालयका, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । उक्त बैठकमा मितिनी नेपाल, परिचय समाज, समर्पण सभ्य समाज, मायाको पहिचान नेपाल, Blue Diamond Society, Inclusive Forum, Federation of Sexual and Gender Minority, Queer Youth Nepal, Dalit Readers का प्रतिनिधिहरुले लैंगिक अल्पसंख्यक समुदायहरुको पहिचान (तेस्रो लिंगी, ट्रान्सजेन्डर / पारलिंगी), अधिकार र समावेशीकरण सम्बन्धमा आ-आफ्नो धारणा राख्नु भएको थियो । तत्पश्चात् समितिका माननीय सदस्यहरुले सो विषयमा विभिन्न जिज्ञासा राख्नु भएको र जिज्ञासालाई सम्बन्धित जिम्मेवार व्यक्तिहरुले प्रष्ट पार्नु भएको थियो ।
- समितिको आगामी बैठक भोली मिति २०८१ साल पुष ८ गते बस्ने गरी आजको बैठक स्थगित गरियो।

..................

(इन्द्रविलास पौडेल)

समिति सचिव

..........................

(मा. किरण कुमार साह)

सभापति